बकैया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर,बागमती प्रदेश, नेपाल

**पुरानो बोरा बिक्री लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति:२०८२।११।२९)

यस बकैया गाउँपालिका अन्तरगतको बकैया कृषि औद्योगिक ग्राममा कच्चा पदार्थहरु ल्याउदाको बखतको बोरा बकैया गाउँपलिका, गाउँ कार्यपालिकाको कार्यालयले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | सूचना नं./ नं. दरभाउपत्र | दरभाउपत्रको नाम | जम्मा परिमाण (गोटा) | न्यूनतम दरभाउपत्र रकम (मू. अ. कर बाहेक | धरौटी रकम | दरभाउपत्र दस्तुर रकम | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/01/2082-083 | पुरानो बोरा संकलन र बिक्री | २५००० | १२५००० | कबोल रकमको ५% | रु. १००० | २०८२।११।२९ |

**शर्तहरुः**

१) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी भने फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०८१।८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्रभु बैंक लि.,हात्तीसुँडेमा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. २५३७०८८४९२०००२८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको २:०० बजेभित्र दरभाउपत्र दाखिला गर्नुपर्नेछ। पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२) दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५(पाँच) प्रतिशत दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक लि., हात्तीसुडे शाखाको धरौटी खाता न.२५३७०८८४९२००१२८ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा १२० दिन म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३) एक व्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभारपत्र अर्को फर्म वा कम्पनीका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, दाताको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दाता वा निजको प्रतिनिधि खोल्ने समयमा उपस्थित नभएमा खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

४) दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभआउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५) दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिनभित्र कबोल गरेको एकमुष्ठ रकम प्रभु बैंक लि. हात्तीसुँडे शाखामा बकैया गाउँपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता नं. २५३७०८८८४९२०००२८ मा जम्मा गरेको सक्कल भौचर पेश गरी सम्झौता गर्नुपर्नेछ।

६) यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित खरिद सम्बन्धी कानुन बमोजिम हुनेछ।

७) ढुवानी सम्बन्धी सबै खर्च सम्बन्धित संस्था वा फर्मले नै व्यहोर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत